# अनुसन्धान तथा मूल्याङ्कन कार्ययोजना

(आ.व.२०७५/७६)

## राष्ट्रिय योजना आयोग

२०७५

## विषय सूची


| क्र सं | विषय | पाना नं. |
|---|---|---|
| १. | भूमिका | १ |
| २. | अनुगमन तथा मूल्याङ्कन योजना बनाउँदा लिइएका आधारह | १ |
| ३. | अनुसन्धानको मापदण्ड | १ |
| ४. | प्रगति प्रतिवेदन तथा समीक्षा प्रक्रिया | २ |
| | (क) मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक | २ |
| | (ख) राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक | २ |
| ५. | आयोगका माननीय सदस्यहरुबाट प्रदेश भित्रका आयोजनाको अनुगमन | ३ |
| ६. | आयोजनाहरुको स्थलगत अनुगमनसम्बन्धी अन्य विषय | ५ |
| ७. | अनुसन्धानसम्बन्धी व्यवस्था | ५ |
| ८. | क्षमता विकास | ६ |
| ९. | मूल्याङ्कनसम्बन्धी विशेष व्यवस्था | ७ |
| १०. | आयोजना कार्य सम्पादन सूचना प्रणाली | ६ |
| १२. | अनुसूचीहरु | ६ |
| | अनुसूची १- आ.व. २०७५/७६ को अनुगमन तथा मूल्याङ्कन महाशाखाको वार्षिक विकास कार्यक्रम | ७ |
| | अनुसूची २- आ.व. २०७५/७६ मा रु. १ अर्बभन्दा बढी बजेट भएका आयोजनाहरुको नामावली | ९ |
| | अनुसूची- ३ Integrated Evaluatipn Action Plan (2016- 2020) | १३ |

## १. भूमिका

राष्ट्रिय योजना आयोगको एक प्रमुख कार्य विकास नीति, योजना, कार्यक्रम तथा आयोजनाहरुको अनुगमन एवम् मूल्याङ्कन गर्नु रहेको छ । यसका लागि अनुगमन तथा मूल्याङ्कनका विधि एवम् प्रक्रियाको निर्धारण र अनुगमन सूचकहरु एवम् सूचनाका श्रोतहरुको विकास गर्ने कार्य आयोगले गर्दै आएको छ । यसका अतिरिक्त आयोगबाटै योजना, कार्यक्रम तथा आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने, प्रगति समीक्षा गर्ने र यसबाट देखिएका विषयहरुलाई योजना तथा आयोजनाको तर्जुमाका क्रममा शिक्षाका रुपमा प्रयोग हुने गर्दछ । साथै आयोजनाको कार्यान्वयन पक्षमा सुधार ल्याउनका लागि अनुगमन तथा मूल्याङ्कनबाट देखिएका विषयहरुका आधारमा सम्बद्ध निकायलाई सुझाव तथा निर्देशन दिने गरिन्छ । अनुगमन एवम् मूल्याङ्कनलाई व्यवस्थित गर्न राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७० लाई परिमार्जन गरी हाल राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७५ कार्यान्वयनमा रहेको छ । नयाँ संविधान जारी भएपछि संघ, प्रदेश तथा स्थानीय तहमा भएको पुनःसंरचना र सन् २०३० सम्ममा हासिल गर्नेगरी कार्यान्वयनमा आएको दिगो विकास लक्ष्यको अनुगमन तथा मूल्याङ्कनलाई समेट्ने गरी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७५ लागु गरिएको छ । दिग्दर्शनले नतिजामुखी अनुगमन तथा मूल्याङ्कनलाई परिभाषित गर्नुका अतिरिक्त, सूचकहरु एवम् सूचनाका श्रोत, संस्थागत व्यवस्था प्रगति प्रतिवेदन फारामहरु समेत समेटेको छ । यसका अलावा अनुगमन एवम् मूल्याङ्कन कार्य र स्थलगत निरीक्षण तथा प्रतिवेदन गर्ने कार्यलाई व्यवस्थित गर्न हाते पुस्तिका समेत कार्यान्वयनमा ल्याइएको छ । आ.व.२०७५/७६ मा पनि आयोगबाट हुने अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित र प्रभावकारी गराउने उद्देश्यले यो अनुगमन तथा मूल्याङ्कन कार्ययोजना तयार गरिएको छ ।

## २. अनुगमन तथा मूल्याङ्कन कार्ययोजना बनाउँदा लिइएका आधारहरु

विद्यमान अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन र यस सम्बन्धमा भएका निर्णय तथा प्राबधानलाई मनन गर्दै यस कार्ययोजना बनाउँदा देहायका आधारहरु लिइएको छ ।

१ अनुगमन मूल्याङ्कन समग्र आयोग, आयोगका पदाधिकारीहरु र आयोगका सबै महाशाखाको साझा जिम्मेवारी अन्तर्गत पर्ने भएकाले सबै महाशाखाहरुले अनुगमन तथा मूल्याङ्कनमा संलग्न रहनु पर्नेछ ।

२ अनुगमन तथा मूल्याङ्कनका लागि आयोजना तथा कार्यक्रम छान्दा सामान्यतः रु. एक अर्बभन्दा बढी वजेट विनियोजन भएका, राष्ट्रिय गौरबका आयोजना वा प्रथम प्राथमिकतामा परेका आयोजना, विकास साझेदारले महत्वपूर्ण वा समस्यामूलक भनी औंल्याउने गरिरहेका र विषयक्षेत्रगत महत्व राख्ने आयोजनालाई प्राथमिकता दिइएको छ ।

३ आयोजनाको अनुगमन गर्दा स्थलगत निरीक्षण वा अन्य तरिकाले गरिने अनुगमनलाई समेत समेट्नेछ । स्थलगत अनुगमन गर्दा आयोगबाट जारी भएको हाते पुस्तिकालाई प्रयोगमा ल्याउनु पर्नेछ ।

४.कार्यक्रम/आयोजनाको अनुगमन गर्दा वार्षिक कार्यक्रम (भाग १ भन्ने गरिएको) र वार्षिक कार्यक्रम फाराम नम्बर १ को पाना नम्बर २ मा रहेका सूचकलाई प्रमुख आधारका रुपमा लिइ यसलाई नतिजामूलक बनाउनु पर्नेछ ।

५. मूल्याङ्कनलाई प्रभावकारी गराउन आयोगबाट स्वीकृत गरिएको **अनुसूची ३ वमोजिमको एकीकृत मूल्याङ्कन कार्ययोजना (२०१६-२०२०)** मा रहेका क्रियाकलापलाई यस वार्षिक अनुगमन तथा मूल्याङ्कन कार्ययोजनामा समावेस गरिएको छ ।

### ३. अध्ययन/अनुसन्धानका मापदण्ड र कार्यविधि

**क) मापदण्डहरु**

१. राष्ट्रिय योजना आयोगको कार्यक्षेत्रभित्र परेको विषय,

२. विषयगत मन्त्रालयको कार्यक्षेत्रमा नपरेको विषय,

३. राष्ट्रिय योजना आयोगबाट विगत पाँचबर्षमा अध्ययन, अनुसन्धान नभएको विषय,

४. आवधिक योजना, Vision Document र अनुगमन तथा मूल्याङ्कनसंग सम्बन्धित विषय,

५. विषयगत मन्त्रालय, विश्वविद्यालय र प्रतिष्ठानहरुमा विज्ञहरुबाट हालसालै भएका सोधपत्रहरुमा नपरेको विषय,

६. राष्ट्रिय योजना आयोगबाट अध्ययन, अनुसन्धान गर्न उपयुक्त ठानिएका विषय ।

**ख) अध्ययन/अनुसन्धानको विषय प्रस्तुत गर्दा अपनाउनु पर्ने कार्यविधिः**

१.अवधारणा पत्र (Concept Note)

- कार्यक्षेत्र (Scope of Work)
- कार्यक्षेत्रको दायरा (Coverage)
- अध्ययन अनुसन्धानमा संलग्न हुने विज्ञ जनशक्तिको योग्यता र अनुभव
- राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालय, विश्वविद्यालय र प्रतिष्ठानहरुमा सो विषयमा प्रतिवेदन वा सोधपत्र पेश नभएको भनी प्रमाणित गर्ने ।

## ४. प्रगति प्रतिवेदन तथा समीक्षा प्रक्रिया

१ हरेक केन्द्रीय निकायहरुले आफु अन्तर्गतका आयोजना तथा कार्यालयबाट प्राप्त प्रगति प्रतिवेदनहरुको संकलन र विश्लेषण गर्दा कुनै समस्या आइपरेमा त्यसको समाधान गर्न अपनाउन सकिने विकल्पहरु समेत तयार गर्नु पर्दछ ।

२ कार्यक्रम तथा आयोजनाहरुको समग्र प्रगति र समस्याको विवरण मन्त्रालयमा प्राप्त भए पश्चात् मन्त्रालयस्तरीय विकास समस्या समाधान उपसमिति र समिति (मविससस) मा प्रस्तुत गरी समीक्षा तथा समस्याहरुको समाधान गर्नुपर्दछ ।

३ उक्त समितिबाट समाधान हुन नसकेका विषय मूलतः समष्टिगत, नीतिगत वा अन्तर मन्त्रालयगत प्रकृतिका समस्या भए सो समाधान गर्न राष्ट्रिय विकास समस्या समाधान समिति (राविससस) मा प्रस्तुत गर्नका लागि आयोगमा पठाउनु पर्दछ ।

४ यसरी प्राप्त हुने प्रगति र समस्याका विवरणहरु राष्ट्रिय विकास समस्या समाधान उपसमितिको बैठकमा मन्त्रालयगत रुपमा विस्तृत समीक्षा गरी आवश्यक देखिएका विषय मात्रै सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा बस्ने राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा प्रस्तुत गरी समीक्षा गरिन्छ ।

५ समीक्षा वैठकहरु देहायबमोजिम संचालन हुनेछन्:-

### (क) मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (मविससस)

१. राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७५ अनुसार राष्ट्रिय योजना आयोग लगायत हरेक मन्त्रालयले देहायको तालिका बमोजिम मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकको आयोजना गर्नेछन् ।

२. यस्ता बैठकमा रा.यो.आ.को तर्फबाट सम्बद्ध विषयगत क्षेत्र हेर्ने माननीय सदस्य, सम्बद्ध महाशाखा र अनुसन्धान तथा मूल्याङ्कन महाशाखाको समेत सहभागिता रहने गर्दछ ।

३. यो बैठकमा कार्यान्वयनमा रहेका कार्यक्रम/आयोजनाहरुको कार्यसम्पादन वा प्रगति स्थितिको समीक्षा गर्नुका साथै कार्यान्वयन तहमा देखिएका समस्याहरुको पहिचान गरी समाधानका उपयुक्त उपायहरुको वारेमा निर्णय गरिन्छ ।

४. बैठकमा हुने छलफल र निर्णयले बजेट खर्चलाई बृद्धि गर्न सहयोग गर्नुका साथै आयोजनाको कार्यान्वयनलाई तोकिएको परिमाण, गुणस्तर, समय र लागतमा सम्पन्न गराउन सहयोग गर्दछ ।

### तालिका नं १- मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक तालिका

| समय | छलफलका विषयहरु |
|---|---|
| २०७५ भाद्रको प्रथम हप्ता | गत आ.व.को लक्ष्य र प्रगतिको वार्षिक समीक्षा |
| २०७५ मंसीरको तेस्रो हप्ता | प्रथम चौमासिक प्रगति समीक्षा र समस्या उपर छलफल |
| २०७५ चैतको तेस्रो हप्ता | दोश्रो चौमासिक प्रगति समीक्षा र समस्या उपर छलफल |

यस समितिको बैठक बस्नु अघि मन्त्रालयस्तर विकास समस्या समाधान उपसमितिको बैठक सम्बन्धित सचिवको संयोजकत्वमा बसी आयोजनागत विस्तृत समीक्षा गर्नुपर्नेछ ।
पुनश्चः प्रस्तावित राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७५ स्वीकृत भइसकेपनि समयाभावका कारणले मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको पहिलो र दोस्रो बैठक साविककै दिग्दर्शनले तोकिएको कार्यतालिका अनुसार र बाँकी बैठक राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ कै तालिका अनुसार गर्ने गरी पेश गरिएको छ ।

### (ख) राष्ट्रिय विकास समस्या समाधान समिति (राविससस)

राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन बमोजिम राष्ट्रिय विकास समस्या समाधान समिति (राविससस) को वैठक देहायबमोजिम आयोजना गरिनेछ ।

### तालिका नं २ - राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक तालिका

| **समय** | **छलफलका विषयहरु** |
|---|---|
| २०७५ भाद्रको तेश्रो हप्ता | तेश्रो चौमासिक अवधिको प्रगति स्थिति |
| २०७५ मंसिरको अन्तिम हप्ता | पहिलो चौमासिक अवधिको प्रगति स्थिति |
| २०७५ चैत्रको अन्तिम हप्ता | दोश्रो चौमासिक अवधिको प्रगति स्थिति |

यस समितिको बैठक बस्नुभन्दा एकहप्ता अघि राष्ट्रिय विकास समस्या समाधान उपसमितिको बैठक रा.यो.आ.का माननीय उपाध्यक्षको संयोजकत्वमा बसी आयोजनागत विस्तृत समीक्षा गर्नुपर्नेछ ।
पुनश्चः प्रस्तावित राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७५ स्वीकृत भइसकेतापनि समयाभावको कारणले राष्ट्रिय विकास समस्या समाधान समितिको पहिलो र दोस्रो बैठक साबिककै दिग्दर्शनले तोकेको कार्यतालिका अनुसार र बाँकी बैठक राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन २०७५ कै तालिका अनुसार गर्ने गरी पेश गरिएको छ ।

## ५. आयोगका माननीय सदस्यहरुबाट प्रदेश भित्रका आयोजनाको अनुगमनको कार्यक्षेत्र

विगतमा आयोगको निर्णय अनुसार आयोगका माननीय सदस्यहरुलाई कुनै एक प्रदेशको जिम्मा दिई सो प्रदेशमा रहेका प्रमुख आयोजनाको नियमित अनुगमनको जिम्मेवारी दिइएकोमा हाल दिगो विकासको लक्ष्यनै राष्ट्रको मुख्य ध्येय भएको हुंदा आयोगका माननीय उपाध्यक्ष लगायत सदस्यहरुलाई प्रदेशगत जिम्मेवारी सहित दिगो विकासका लक्ष्य अनुरुप देहाय बमोजिम कार्य विभाजन गरिएको छ ।

**तालिका नं ३ - दिगो विकास लक्ष्य अनुसार आयोगका माननीय उपाध्यक्ष र माननीय सदस्यहरुको कार्य विभाजन**

| **क्र.सं.** | **संयोजक माननीय उपाध्यक्ष** | **विषयगत क्षेत्र/प्रदेशगत कार्य विभाजन** |
|---|---|---|
| १ | प्रा.डा. पुष्पराज कंडेल | दिगो विकास लक्ष्यको समग्र समन्वय र लक्ष्य १७, प्रदेश नं.५ को तहगत समन्वय र समग्र समन्वय । |
| **क्र.सं.** | **संयोजक माननीय सदस्य** | **सम्बन्धित महाशाखा** |
| १. | डा. कृष्ण प्रसाद ओली | दिगो विकास लक्ष्य ७, १३, १४ र १५ तथा प्रदेश नं.१ को तहगत समन्वय |
| २. | डा.उषा झा | दिगो विकास लक्ष्य ३ र ४ तथा प्रदेश नं.२ को तहगत समन्वय |
| ३. | डा. दिलबहादुर गुरुङ | दिगो विकास लक्ष्य १, २ र ६ तथा प्रदेश नं.४ को तहगत समन्वय |
| ४. | ई. सुशील भट्ट | दिगो विकास लक्ष्य ९ र ११ तथा प्रदेश नं.७ को तहगत समन्वय |
| ५. | श्री मीनबहादुर शाही | दिगो विकास लक्ष्य ५ र १६ तथा प्रदेश नं.६ को तहगत समन्वय |
| ६. | डा. रामकुमार फुयाँल | दिगो विकास लक्ष्य ८, १० र १२ तथा प्रदेश नं.३ को तहगत समन्वय |

माननीय सदस्यहरुले उक्त कार्य देहायवमोजिम सञ्चालन गर्नेः

१. माननीय सदस्यहरुलाई उक्त कार्यमा सहयोग गर्न एक जना कार्यक्रम निर्देशक, २ जनासम्म योजना अधिकृत र एकजना सहायक कर्मचारी रहेको कार्यसमूह गठन गर्ने । माननीय सदस्यहरुको निर्देशन अनुरुप आयोगको प्रशासन महाशाखाले उल्लिखित कर्मचारी खटाउने ।

२. आवश्यकता अनुसार एउटै प्रदेशका लागि पनि उल्लेख भएबमोजिमका पद र संख्याका फरक कर्मचारीहरु संलग्न गराई एकभन्दा बढी यस्ता कार्यसमूह बनाउन सकिने ।

३. माननीय सदस्यहरुको निर्देशन बमोजिम स्थलगत भ्रमणको कार्यक्रम बनाउने, स्थानीय स्तरमा बैठकहरु आयोजना गर्नुपर्ने भएमा त्यसको सहजीकरण गर्ने, यस अनुगमन कार्ययोजनामा छानिएका दिगो विकास लक्ष्य केन्द्रित आयोजनाहरु वा त्यसका अतिरिक्त अन्य आयोजनाहरु छनौट गरी स्थलगत अनुगमन गर्नुपर्ने देखिएका त्यस्ता आयोजनाको छनौट गर्ने ।

४. कार्य समूहले स्थलगत अनुगमन गर्ने आयोजनाहरुमा दोहोरोपना आउन नदिनका लागि समेत देहाय बमोजिमको कार्ययोजना बनाई सोको एक प्रति भ्रमण पूर्वनै अनुसन्धान तथा मूल्याङ्कन महाशाखालाई उपलब्ध गराउने ।

## तालिका नं ४- आयोजनाहरुको स्थलगत अनुगमन कार्ययोजना

| **क्र. सं** | **पहिलो प्राथमिकता प्राप्त कार्यक्रम/आयोजनाहरु** | **स्थलगत अनुगमनको उद्देश्य** | **अनुगमनस्थल** | **समय** | **अनुगमनको विधि** |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

५. कार्यसमूहले सूचना संकलन र अनुगमन भ्रमणको प्रतिवेदन तयार गर्न माननीय सदस्यहरुलाई मद्दत गर्ने ।

## ६. आयोजनाहरुको स्थलगत अनुगमनसम्बन्धी अन्य विषयहरु

१. प्रादेशिक रुपमा माननीय सदस्यहरुबाट हुने अनुगमनका अतिरिक्त आयोगका माननीय उपाध्यक्ष, माननीय सदस्य, सदस्य सचिव र सहसचिवहरुले आवश्यकता अनुसार आयोजनाहरुको स्थलगत अनुगमन गर्ने ।

२. राष्ट्रिय गौरवका आयोजना, समस्यामूलक आयोजना र प्रथम प्राथमिकतामा रहेका अन्य आयोजनाको प्रगतिको तुलनात्मक अध्ययन गरी आवश्यक देखिए प्राप्त प्रगतिको तथ्यता एकिन गर्न वा थप अध्ययनका लागि स्थलगत अनुगमन गरिने ।

३. स्थलगत निरीक्षण गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयहरुसँग समन्वय गरी व्यवस्थित गर्नुकासाथै आवश्यक परे संयुक्त अनुगमन समेत गरी दोहोरोपना आउन नदिने ।

४. यस योजनामा तोकिएका कार्यक्रम तथा आयोजनाहरुका अतिरिक्त अनुगमन टोलीले आवश्यक ठानेका अन्य आयोजनाहरु स्थलगत रुपमै पहिचान गरी अनुगमन गर्नसक्ने ।

५. स्थलगत अनुगमनमा जानुपूर्व सम्बद्ध कार्यक्रम आयोजनाको सम्बन्धमा पर्याप्त तयारी गर्ने । यस्तो तयारी लगायत स्थलगत अनुगमनसम्बन्धी कार्यविधि, प्रक्रिया तथा प्रतिवेदन आयोगबाट जारी भएको हाते पुस्तिका अनुरुप गर्ने ।

६. अनुगमनको प्रतिवेदन माननीय उपाध्यक्ष समक्ष प्रस्तुत गर्ने र सोको एक प्रति अभिलेख तथा अन्य कार्यका लागि अनुसन्धान तथा मूल्याङ्कन महाशाखालाई उपलब्ध गराउने । यस्ता सबै प्रतिवेदनहरु आयोगको वेवसाइटमा राख्ने ।

७. अनुगमन प्रतिवेदनले औंल्याइएका समस्याहरु समाधानार्थ सम्बन्धित मन्त्रालय/विभागमा पठाई आयोजनालाई जानकारी गराउने ।

८. अनुगमन प्रतिवेदनमा देखिएका प्रमुख विषयहरु र सुझावहरुको संक्षेपीकरण अनुसन्धान तथा मूल्याङ्कन महाशाखाले तयार गरी राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा पेश गर्ने तथा माननीय उपाध्यक्षको प्रस्तुतिमा समावेश गर्ने ।

## ७. अनुसन्धानसम्बन्धी व्यवस्था

राष्ट्रिय योजना आयोगको क्षेत्राधिकार र भूमिकामा भएको पुनःसंरचना पश्चात् यस महाशाखा अन्तर्गत अनुसन्धानको कार्यगत जिम्मेवारी पनि थपिएको छ । यही परिप्रेक्ष्यमा समग्र क्षेत्रगत तथा तहगत नीति, योजना र कार्यक्रमहरुको सम्बन्धमा यस महाशाखाबाट अनुसन्धानको कार्यलाई अगाडी बढाउनु पर्ने देखिन्छ । अनुसन्धानको कार्यमा देहाय वमोजिमको विषय समेटिने छ ।

१. अनुसन्धानले हाल कार्यान्वयनमा रहेका र प्रस्तावित राष्ट्रिय नीति, योजना र कार्यक्रमहरुलाई समेट्ने ।
२. अनुसन्धान कार्य अगाडी बढाउँदा राष्ट्रिय लक्ष्य, उद्देश्य लगायत दिगो विकास लक्ष्य प्राप्त हुने योगदानलाई समेत केन्द्रविन्दुमा राखिनेछ ।
३. गुणात्मक र संख्यात्मक दुबै प्रकारका अनुसन्धान गर्न सकिनेछ ।
४. तेश्रो पक्ष अनुसन्धान पनि गर्न सकिनेछ, यद्यपि राष्ट्रिय योजना आयोगका कर्मचारीको क्षमता विकास गर्ने कार्यलाई पनि समानान्तर रुपमा अगाडी बढाइनेछ ।

## ८. क्षमता विकास

१ आयोगको अनुसन्धान तथा मूल्याङ्कन महाशाखाले मन्त्रालय र निकायहरुको अनुगमन तथा मूल्याङ्कन क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने । यसका लागि तालीम कार्यक्रमहरु सञ्चालन गरिने छ ।

२. नेपाल सरकार अन्तर्गतका तालिम केन्द्र/प्रतिष्ठानमा सञ्चालन हुने सेवा प्रवेश र सेवाकालीन तालिमको पाठ्यक्रममा अनुगमन तथा मूल्याङ्कन पनि समावेश गरिदिन अनुरोध भए अनुसार केही कार्यक्रममा यी विषयहरु समावेस भैसकेको छ ।

३. राष्ट्रिय योजना आयोगको क्षेत्राधिकार र भूमिकामा भएको पुनःसंरचना पश्चात् थप भएको अनुसन्धान कार्यको जिम्मेवारीलाई प्रभावकारी बनाउन यससंग सम्बन्धित तालिम कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।

## ९. मूल्याङ्कनसम्बन्धी विशेष व्यवस्था

१ यस आ.व.मा अनुगमन तथा मूल्याङ्कन ऐन तथा नियम र मूल्याङ्कन नीति तर्जुमा गर्ने कार्यक्रम राखिएको ।

२. आयोगले चालू र सम्पन्न विभिन्न आयोजनाहरुको मूल्याङ्कन तेश्रो पक्षद्वारा स्वतन्त्र रुपले गराउने गरेको ।

३. आयोगको अनुसन्धान तथा मूल्याङ्कन महाशाखाको नेतृत्वमा २ वटा आयोजना वा कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्ने ।

४. मूल्याङ्कन लाई सुदृढ, भरपर्दो र स्वतन्त्र बनाउने उद्देश्यले नेपाल सरकारका विभिन्न मन्त्रालयका प्रतिनिधिहरु, विकास साझेदार, नागरिक समाज, मूल्याङ्कनकर्ता र संस्थाहरु सम्मिलित मूल्याङ्कन सँजाल वैठक सन् २०१३ देखि आयोजना गर्ने गरिएकोमा सो बैठक आ.व. २०७५/७६ मा पनि आयोजना गर्ने ।

५. आयोगसँग सहमति भएबमोजिम International Initiatives for Impact Evaluation (3ie) को सहयोगमा विद्यालय क्षेत्र विकास कार्यक्रमको Prospective evaluation को डिजाइन सम्पन्न भएको । आ.व. २०७४/७५ मा यो मूल्याङ्कन को बेसलाइन सर्वेक्षणका कार्यहरु प्रारम्भ हुने भनिएको मा सो को follow up गर्ने ।

६. दिगो विकासका लक्ष्यको मूल्याङ्कनलाई प्रभावकारी गराउन संयुक्त राष्ट्रसंघीय निकायहरु, मूल्याङ्कनकर्ता संगठनसंगको समन्वयमा विश्व मूल्याङ्कन कार्यसूची अनुकूल हुने गरी तयार भएको एकिकृत मूल्याङ्कन कार्ययोजना कार्यान्वयनमा ल्याउने ।

## १०. आयोजना कार्य सम्पादन सूचना प्रणालीलाई संस्थागत गर्ने

१. राष्ट्रिय विकास समस्या समाधान समितिको २०७३/५/२७ को ३७ औं बैठकले आयोगले तयार गरेको आयोजना कार्य सम्पादन सूचना प्रणाली (PPIS) अनिवार्य रुपमा सबै निकायले प्रयोगमा ल्याउने निर्णय गरेकाले यस प्रणालीलाई कार्यान्वयनमा ल्याउने ।

२. यस प्रणालीलाई संस्थागत गर्न आवश्यक तालिम तथा अभिमुखीकरण लगायतका सहजीकरणका कार्यहरु IT Unit संगको सहकार्यमा अनुसन्धान तथा मूल्याङ्कन महाशाखाले गर्ने ।

## ११. अनुसूचीहरु

आ.व. २०७५/७६ मा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी क्रियाकलापहरु तथा जिम्मेवारी अनुसूची १ मा समावेश गरिएको छ । यसैगरी आ.व. २०७५/७६ मा रु.१ अर्बभन्दा बढी बजेट भएका आयोजनाहरुको नामावली अनुसूची २ मा रहेको छ । Integrated National Evaluation Action Plan of Nepal अनुसूची ३ मा समाबेश गरिएको छ ।

# वार्षिक विकास फारम

अनुसूची- १ (रायोआ(अमु)फारम नं. १)

## अनुसन्धान तथा मूल्याङ्कन महाशाखा, आ.व. २०७५/७६

रु.लाखमा

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | इकाई | आ.व. ०७५/७६ को लक्ष्य | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वार्षिक | | | प्रथम चौमासिक | | | दोस्रो चौमासिक | | | तेस्रो चौमासिक | | | |
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | |
| १ | २ | ३ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ |
| चालू खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | | | | | | | |
| १. | अनुगमन तथा मूल्यांकन नीति, कानून र मापदण्डको तर्जुमा | प्रतिशत | १०० | २.९४ | २ | - | - | - | ५० | १.४७ | १ | ५० | १.४७ | १ | |
| २. | राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन प्रकाशन र सम्प्रेषण | प्रतिशत | १०० | २.९४ | २ | १०० | २.९४ | २ | - | - | - | - | - | - | |
| ३. | प्रदेश तहको अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन नमुना प्रकाशन र सम्प्रेषण | प्रतिशत | १०० | २.२० | १.५ | १०० | २.२० | १.५ | - | - | - | - | - | - | |
| ४. | आन्तरिक मूल्याङ्कन | संख्या | २ | १३.९६ | ९.५ | - | - | | १ | ६.९८ | ४.७५ | १ | ६.९८ | ४.७५ | |
| ५. | कृषि तथा खाद्य सुरक्षा आयोजनाको तेश्रो पक्ष मूल्याङ्कन (FPSN/UNDP आयोजनाको सहयोगमा) | संख्या | १ | १.४६ | १ | - | ०.७३ | .५ | १ | ०.७३ | ०.५ | - | - | - | |
| ६. | बिद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) को ३ie को सहयोगमा मूल्याङ्कन(स्थलगत अनुगमन समेत ) | पटक | २ | १.७ | १ | - | - | - | १ | १.७० | १ | - | - | - | |
| ७. | आधारभूत अनुगमनसम्बन्धी तालिम | पटक | १ | २.९४ | २ | - | - | - | १ | २.९४ | २ | - | - | - | |
| ८. | आधारभूत मूल्याङ्कनसम्बन्धी तालिम | पटक | १ | २.९४ | २ | - | - | - | - | - | - | १ | २.९४ | २ | |
| ९. | प्रदेश तहमा अनुगमन तथा मूल्याङ्कन तालिम | वटा | ७ | ३०.८८ | २१ | ७ | ३०.८८ | २१ | - | - | - | - | - | - | |

| क्र. सं. | कार्यक्रम/कियाकलाप | इकाई | आ.व. ०७५/७६ को लक्ष्य | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | वार्षिक | | | प्रथम चौमासिक | | | दोस्रो चौमासिक | | | तेस्रो चौमासिक | | | |
| | | | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | परिमाण | भार | बजेट | |
| १०. | एकिकृत मूल्याङ्कन कार्ययोजना सन्जालीकरणको बैठक | पटक | १ | २.९४ | २ | - | - | - | १ | २.९४ | २ | - | - | - | |
| ११. | राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक | पटक | ३ | ४.४१ | ३ | १ | १.४७ | १ | १ | १.४७ | १ | १ | १.४७ | १ | |
| १२. | आयोजना कार्यसम्पादन सूचना प्रणालीको कार्यान्वयन (परामर्श सेवा समेत ) | प्रतिशत | १०० | १३.२३ | ९ | - | - | - | १० | १.३२ | १ | ९० | ११.९१ | ८ | |
| १३. | अनुसन्धानसम्बन्धी छलफल तथा अन्तरक्रिया | पटक | २ | २.९४ | २ | - | - | - | १ | १.४७ | १ | १ | १.४७ | १ | |
| १४. | छनौट भएका विषयमा अनुसन्धान | वटा | १ | ७.३५ | ५ | - | - | - | - | - | - | १ | ७.३५ | ५ | |
| १५. | नतिजा खाका तर्जुमासम्बन्धी गोष्ठी | पटक | १ | ७.३५ | ५ | - | - | - | १ | ७.३५ | ५ | - | - | - | |
| **ख)** | चालु खर्च अन्तर्गतका कार्यक्रमको जम्मा | | | **१००.** | **६८** | | **३८.२२** | **२६** | | **२८.३७** | **१९.२५** | | **३३.५९** | **२२.७५** | |

आयोजना/कार्यालय प्रमुख :- 
मिति :-

विभागीय प्रमुखः-
मिति :-

प्रमाणित गर्ने :-
मिति :-

**अनुसूची - २**

## आ. व. २०७५/७६ मा रू. १ अर्बभन्दा बढी बजेट भएका आयोजनाहरू

| क्र.सं. | मन्त्रालय/ निकाय | ब.उ.शि.नं | कार्यक्रम/आयोजना | कुल बजेट रू. करोडमा | महाशाखा | माननीय | प्राथमिकता |
|---|---|---|---|---|---|---|---|
| १ | अर्थ | ५०११२५ | लगानी -विविध | ३९० | आर्थिक व्यवस्थापन | प्रा.डा.पुष्पराज कंडेल | २ |
| २ | | ५०११६६ | पशुपालन (मासुजन्य र दुग्धजन्य) कर्जा तथा पशुधन कार्यक्रम | १८० | | | १ |
| ३ | | ३०५१२१ | मिलिनियम च्यालेन्ज नेपालको कार्यालय | ७०४ | | | १ |
| ४ | | ३०५३२२ | कृषी तथा पशुपालन ब्याज अनुदान | ५०० | | | १ |
| ५ | उद्योग | ३०७१०८ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | २८४ | आर्थिक व्यवस्थापन | डा.रामकुमार फुँयाल | १ |
| ६ | ऊर्जा | ३०८११३ | बुढी गण्डकी जलविद्युत आयोजना विकास समिति | १८०० | पूर्वाधार तथा उत्पादन | डा.कृष्ण प्रसाद ओली | १ |
| ७ | | ३०८११५ | विद्युत विकास दशक सम्बन्धी कार्ययोजना | १८७ | | | १ |
| ८ | | ५०११०५ | १३२ के.भी. तथा अन्य प्रसारण लाईन विस्तार | २४६९ | | | १ |
| ९ | | ५०१११९ | जलाशययुक्त आयोजनाहरुको सम्भाब्यता अध्ययन | १०९ | | | १ |
| १० | | ५०११११ | सामुदायिक तथा अन्य ग्रामीण विद्युतीकरण | ५०० | | | १ |
| ११ | | ५०११२२ | माथिल्लो त्रिशुली (३ए) जलविद्युत आयोजना (६० मे.वा.) | २५८ | | | १ |
| १२ | | ५०११२३ | राहुघाट जलविद्युत आयोजना (२७ मे.वा. ) | १४८ | | | १ |
| १३ | | ५०११३३ | तनहुँ जलविद्युत आयोजना (१४० मे.वा.) | ४७० | | | १ |
| १४ | | ५०११५० | नेपाल भारत विद्युत प्रशारण | २४८ | | | १ |
| १५ | | ५०११७२ | पुर्ननविकरणीय तथा क्षमता विस्तार आयोजना | ५१४ | | | १ |
| १६ | | ५०११७५ | जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड | १६१ | | | १ |
| १७ | | ५०११०७ | अन्य ३३ के.भी. तथा सब स्टेसन | २४१ | | | १ |
| १८ | कृषि विकास | ३१२१०३ | विशेष कृषि उत्पादन कार्यक्रम | ६०० | पूर्वाधार तथा उत्पादन | डा.दिलवहादुर गुरुङ | १ |
| १९ | | ३१२१३६ | कृषि अनुसन्धान कार्यक्रम | २३८ | | | १ |
| २० | | ३१२१६३ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | ३२३ | | | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २१ | खानेपानी तथा सरसफाई | ३१३१०८ | तेस्रो साना सहरी खानेपानी तथा सरसफाई आयोजना | २८९ | पूर्वाधार तथा उत्पादन | डा.दिलवहादुर गुरुङ | १ |
| २२ | | ३१३१०९ | जलवायु अनुकुलित खानेपानि | २२७ | | | १ |
| २३ | | ३१३११४ | मेलम्ची खानेपानी आयोजना आयोजना | ७०७ | | | १ |
| २४ | | ३१३११५ | ग्रामिण खानेपानी तथा सरसफाइ कोष | २४० | | | १ |
| २५ | | ३१३११७ | उच्च- प्रविधियुक्त केन्द्रीय खानेपानी कार्यक्रम | ५६१ | | | १ |
| २६ | | ५०११२७ | खानेपानी तथा ढल निकास कार्यक्रम | ११० | | | २ |
| २७ | | ५०११४५ | काठमाण्डौं उपत्यका खानेपानी सुधार आयोजना | ४०२ | | | १ |
| २८ | | ५०११६७ | काठमाडौं उपत्यका ढल व्यवस्थापन आयोजना | ४२० | | | १ |
| २९ | वन तथा वातावरण | ३३११०८ | राष्ट्रिय निकुञ्ज सुरक्षा | ३३२ | पूर्वाधार तथा उत्पादन | डा.कृष्ण प्रसाद ओली | १ |
| ३० | | ३३१११० | राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना | १४१ | | | १ |
| ३१ | | ३३११२३ | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति | १७० | | | १ |
| ३२ | पशुपन्छी विकास | | लाइभस्टक सेक्टर इन्नाभेसन आयोजना | ११४ | पूर्वाधार तथा उत्पादन | डा.दिलवहादुर गुरुङ | १ |
| ३३ | बाणिज्य | ३३०१०८ | नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना | १५० | आर्थिक व्यवस्थापन | डा.रामकुमार फुँयाल | १ |
| ३४ | भूमि व्यवस्था | ३१२१८२ | भूमिसुधार कार्यक्रम, मुक्त कमैया र हलिया पुनर्स्थापन | ३८९ | पूर्वाधार तथा उत्पादन | डा.दिलवहादुर गुरुङ | १ |
| ३५ | भौतिक पूर्वाधार तथा यातायात | ३३७१२५ | मदन भन्डारी राजमार्ग | ४५० | पूर्वाधार तथा उत्पादन | ई.सुशील भट्ट | १ |
| ३६ | | ३३७१२९ | गल्छी- त्रिशुली- मैलुङ्ग - स्याप्रुवेशी -रसुवागढी | १०६ | | | १ |
| ३७ | | ३३७१३३ | सडक सुधार आयोजना | ४८६ | | | २ |
| ३८ | | ३३७१३८ | पुष्पलाल राजमार्ग(मध्य पहाडी राजमार्ग) | ५५५ | | | १ |
| ३९ | | ३३७१४१ | काठमांडौ-तराई मधेश फाष्ट ट्रयाक | १५४० | | | १ |
| ४० | | ३३७१४२ | सडक क्षेत्र विकास आयोजना | ३२१ | | | १ |
| ४१ | | ३३७१४५ | उत्तर दक्षिण राजमार्ग(कर्णाली, कालीगण्डकी र कोशी) | २३१ | | | १ |
| ४२ | | ३३७१४९ | काठमाडौं उपत्यका सडक विस्तार आयोजना | १५१ | | | २ |
| ४३ | | ३३७१५७ | स्थानिय सडक पुल निर्माण | २९० | | | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४४ | | ३३७१६५ | सडक बोर्ड | ५५० | | | १ |
| ४५ | | ३३७२२४ | हुलाकी राजमार्ग (पुलहरु समेत) | ५५० | | | १ |
| ४६ | | ३३७३०७ | रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना | ४५० | | | १ |
| ४७ | | ३३७३१२ | व्यापारीक मार्ग विस्तार आयोजना | ३०० | | | १ |
| ४८ | | ३३७३२० | रणनीतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षण | ४५५ | | | १ |
| ४९ | | ३३७३२६ | सासेक रोड कनेक्टीभिटी प्रोजेक्ट | १७२ | | | १ |
| ५० | | ३३७३२७ | चक्रपथ विस्तार आयोजना | १४६ | | | १ |
| ५१ | | ३३७३५२ | यातायात व्यवस्था सुदृढीकरण आयोजना | १४४ | | | १ |
| ५२ | | ३३७३५६ | रणनीतिक सडक पुनर्स्थापना तथा सुधार | ११० | | | १ |
| ५३ | | ३३७३५८ | नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजना | ६४५ | | | १ |
| ५४ | | ३३७३५७ | राजमार्ग स्तरोन्नति | २११ | | | १ |
| ५५ | | ३३७३६१ | सासेक सडक सुधार आयोजना | ७२२ | | | १ |
| ५६ | | ३३७३६६ | तराइ मधेस सडक पुर्वाधार कार्यक्रम | ३५३ | | | १ |
| ५७ | रा.पुनर्निर्माण प्राधिकरण | ३०१८०१ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कोष | १५,१०८ | सुशासन तथा सामाजिक विकास | मीन बहादुर शाही | १ |
| ५८ | शिक्षा | ३५०१०९ | प्राविधिक शिक्षा तथा व्य तालिम परिषद् (विशेष कार्यक्रम समेत) | १७२ | सुशासन तथा सामाजिक विकास | डा.उषा झा | २ |
| ५९ | | ३५०१४० | विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर | ७५६ | | | १ |
| ६० | | ३५०१३९ | उच्च शिक्षा सुधार परियोजना | १११ | | | १ |
| ६१ | | ३५०१३५ | व्यवसायिक शिक्षा तथा तालिम अभिबृद्धि योजना | १४१ | | | १ |
| ६२ | संघीय मामिला | ३६५०१५ | जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजीक सुरक्षा कार्यक्रम | ४११५ | अनुसन्धान तथा मूल्याङ्कन | प्रा.डा. पुष्पराज कँडेल | २ |
| ६३ | | ३६५१६० | स्थानीय पूर्वाधार बिकास सा कार्यक्रम | ६६० | | | १ |
| ६४ | | ३६५८०९ | झोलुंगे पुल क्षेत्रगत कार्यक्रम | ३११ | | | १ |
| ६५ | | ३६५८३१ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार परियोजना | २०५ | | | २ |
| ६६ | सस्कृति, पर्यटन तथा नागरिक उड्डयन | ५०११०१ | नेपाल नागरिक उड्डयन प्रधिकरण | १२५ | आर्थिक व्यवस्थापन | डा.रामकुमार फुँयाल | १ |
| ६७ | | ५०११३६ | हवाई यातायात क्षमता अभिवृद्धि आयोजना | ३०४ | | | २ |
| ६८ | | ५०११६१ | दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना | ६८३ | | | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६९ | | ५०११७९ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल | ६८० | | | १ |
| ७० | | ५०११८० | दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ, बारा | १४३ | | | १ |
| ७१ | सहरी विकास | ३४७१८० | आवास व्यवस्था कार्यक्रम | १२५ | पूर्वाधार तथा उत्पादन | ई.सुशील भट्ट | २ |
| ७२ | | ३४७१८६ | सघन शहरी विकास कार्यक्रम | १०९७ | | | १ |
| ७३ | | ३४७१९० | भवन निर्माण संहिता,सरकारी भवन निर्माण | २१४ | | | १ |
| ७४ | | ३४७१८७ | शहरी तथा वातावरणिय सुधार आयोजना | ११४ | | | १ |
| ७५ | | ३४७३५७ | बागमती सुधार आयोजना | १८९ | | | १ |
| ७६ | | ५०११८७ | नगर विकास केष | १०० | | | २ |
| ७७ | सिंचाइ | ३०८१२० | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | १२८ | पूर्वाधार तथा उत्पादन | डा.कृष्ण प्रसाद ओली | १ |
| ७८ | | ३०८१३८ | बबइ सिचाइ आयोजना | १२५ | | | १ |
| ७९ | | ३५७१०९ | नदी नियन्त्रण | २९७ | | | १ |
| ८० | | ३५७१२५ | सिक्टा सिंचाइ आयोजना | १४९ | | | १ |
| ८१ | | ३०८१५० | भेरी बबइ डाइभर्सन | ६१० | | | १ |
| ८२ | | ३५७१३२ | रानी जमरा कुलरिया सिंचाइ आयोजना ( प्रणाली आधुनिकीकरण समेत) | २१५ | | | १ |
| ८३ | स्वास्थ्य | ३७०१०२ | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ( वीर अस्पताल समेत) | १४८ | सुशासन तथा सामाजिक विकास | डा.उषा झा | २ |
| ८४ | | ३७०११६ | एकिकृत बाल स्वास्थ्य एवं पोषण कार्यक्रम | २१६ | | | १ |
| ८५ | | ३७०१२२ | अस्पताल निर्माण सुधार तथा व्यवस्थापन सूचना प्रणाली | १३२ | | | १ |
| ८६ | | ३७०१३४ | अनुगमन,मूल्यांकन तथा योजना सुदृढीकरण | ६३९ | | | १ |
| ८७ | | ३७००१४ | प्राथमिक स्वास्थ्य सेवा | ११० | | | १ |
| ८८ | | ३७०१४३ | सामाजिक स्वास्थ्य सुरक्षा (स्वास्थ्य वीमा) कार्यक्रम | ६०० | | | १ |
| ८९ | | ३७०८०४ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम | ७४४ | | | १ |
| | | | | | | | |

अनुसूची - ३

# Integrated National Evaluation Action Plan of Nepal

# (2016 - 2020)

**Government of Nepal**

**National Planning Commission**

**Singha Durbar, Kathmandu**

**July, 2017**

# Abbreviations

| | |
|---|---|
| CBS | Central Bureau of Statistics |
| COEs Nepal | Community of Evaluators in Nepal |
| DPs | Development Partners |
| ETLC | Evaluation Training and Learning Centre |
| EvalSDGs | Evaluation of Sustainable Development Goals |
| INGOs | International Non-Governmental Organisations |
| LMs | Line Ministries |
| MDGs | Millennium Development Goals |
| M&E | Monitoring and Evaluation |
| MDAC | Ministerial Development Action Committee |
| MoF | Ministry of Finance |
| MoFALD | Ministry of Federal Affairs and Local Development |
| MoLJPA | Ministry of Law, Justice and Parliamentary Affairs |
| MoWCSW | Ministry of Women, Children and Social Welfare |
| MRP | Management Response Plan |
| NASC | Nepal Administrative Staff College |
| NDAC | National Development Action Committee |
| NDHS | Nepal Demographic and Health Survey |
| NES | Nepal Evaluation Society |
| NLSS | Nepal Living Standard Survey |
| NPC | National Planning Commission |
| NPCS | National Planning Commission Secretariat |
| NPFDEPN | National Parliamentarians Forum on Development Evaluation policy in Nepal |
| NPHC | National Population and Housing Census |
| NSDS | National Strategies for Development of Statistics |
| OPMCM | Office of the Prime Minister and Council of Ministers |
| SDGs | Sustainable Development Goals |
| SOME | Society of Monitoring and Evaluation |
| TU | Tribhuvan University |
| UN | United Nations |
| UNDP | United Nations Development Programme |
| UNFPA | United Nations Population Fund |
| UNICEF | United Nations Children's Fund |
| UNW | United Nation’s Women |
| VOPEs | Voluntary Organization of Professional Evaluators |
| WFP | World Food Program |

# Integrated National Evaluation Action Plan of Nepal (2016 - 2020)

## Introduction

Nepal has made significant progress in poverty reduction, human development and in social sector during the implementation of the Millennium Development Goals (MDGs).The MDGs final status report recently published by the National Planning Commission (NPC) has found that most of the MDG targets have been achieved, some were partially achieved and there are some unfinished agendas. Moreover, during the MDGs period several progress reports were brought out showing the status of the goals, targets and indicators at the national aggregate level lacking disaggregation based on social groups, gender and geographical regions. However, neither the final progress report nor any other review reports have adequately assessed or evaluated the policies and programmes to find out what worked and what did not in the achievement of MDGs. Thus, the NPC has been working to address these gaps during the implementation, monitoring and evaluation process of the Sustainable Development Goals (SDGs).

Nepal has committed to the global SDGs and has already initiated some efforts to integrate it in the national planning and budgeting processes, reviewed national M&E indicators from SDGs lens, drafted the SDGs baseline report and engaged in the Voluntary National Review (VNR) of SDGs. Moreover, the NPC has started restructuring the M&E system make it SDG-friendly according high priorities on evaluation of SDGs. Key initiatives includes building national capacity to institutionalize evaluation of SDGs and develop tracking and evaluation system gender responsive and equity focused in line with the spirit of "leave no one behind". For these to happen, the NPC has been adopting collaborative approaches engaging GoN agencies, VOPEs and UN agencies and interested other actors. This Integrated National Evaluation Action Plan (2016-2020) is the concerted effort of these actors to build evaluation capacities and institutionalize SDGs-evaluations in the country that is equity-focused and gender-responsive

## Objective

The main objective of this action plan is to have concerted efforts among various agencies in Nepal to enhance the national evaluation capacity and produce evaluation-based evidences useful for better targeting and effective implementation of SDGs. The specific objectives are to:

(i) To create an enabling environment for institutionalization of evaluation in the country.

(ii) To enhance networking and coordination in building both institutional and individual capacities in the monitoring and evaluation of SDGs.

(iii) To expand coverage of equity focused and gender responsive evaluations and promote their uses in policy processes.

**Action Plan**

The Action Plan was drafted during the National Workshop on EVALSDGs and EvalAgenda held on August 2016 organized by National Parliamentarians Forum on Development Evaluation Policy in Nepal (NPFDEPN) and Community of Evaluators-Nepal. The draft was refined in series of meetings in the NPC. The representatives of the UNICEF, UN Women, WFP, UNFPA, UNDP and COE-Nepal also made contributions in this process. This was further refined by articulating the cost of proposed activities in the evaluation networking meeting of 2017. The event was jointly organized by NPCS and UN agencies and supported by the VOPEs.

The action plan consists of the five major themes and respective activities with time-frame, lead and support agencies along with expected outputs. The major themes are: (i) Enabling Environment (ii) Capacity Development (iii) Networking and Coordination (iv) Planned evaluation and SDG Monitoring, and (v) Documentation, dissemination and use of evaluation

The specific activities within the themes are in the tabular form below:

## 1. Enabling Environment

| | Major Activities[1] | Time Frame | Stakeholder | | Expected output |
|---|---|---|---|---|---|
| | | | Lead | Support | |
| 1.1 | Formulation of National Evaluation Policy (with norms, standards and accountability framework). | July 2018 | NPC | UNICEF, UNW, UNFPA, UNDP, WFP, VOPEs | National Evaluation Policy in place. |
| 1.2 | Expedite the process to enact Monitoring and Evaluation (M and E) Act and Monitoring and Evaluation Rules. | June 2018 Ongoing | NPC, OPMCM, MoLJPA | NPFDEPN | Monitoring and Evaluation Act in place. |
| 1.3 | Dissemination and orientation on the Monitoring and Evaluation Policy, Act and Rules at the national and sub-national levels. | December 2018 Ongoing | NPC | UNICEF, UNW, UNFPA, UNDP, WFP, VOPEs, NPFDEPN | National Evaluation Policy, Monitoring and Evaluation Act and Rules owned and implemented at national and sub-national levels. |
| 1.4 | Amendment of National Monitoring and Evaluation Guidelines, 2013 | July 2018 | NPC | Sectoral Ministries, UNICEF, UNW, UNFPA, UNDP, WFP, VOPEs | SDG-friendly National Monitoring and Evaluation Guidelines, 2013 amended. |
| 1.5 | Formulation of model Monitoring and evaluation Frameworks for provincial and local levels. | July 2018 | NPC, MoFALD | UNICEF, UNW, UNFPA, UNDP, WFP, VOPEs | Monitoring and Evaluation Guidelines for provincial and local level governments in place and operationalized. |
| 1.6 | Formulation of an agreed Code of Conduct for evaluators. | December 2018 | COE-Nepal, SOME, NES | NPC, NPF, CSOs, INGOs, Academia | Evaluation culture established. |

[1] Proposed activities are costed.

## 2. Capacity Development

| | Major Activities | Time Frame | Stakeholder | | Expected outputs |
|---|---|---|---|---|---|
| | | | Lead | Support | |
| 2.1 | Need assessment for capacity building of Monitoring and Evaluation institutions and individuals | December 2017 Ongoing | NPC, VOPEs (CoE Nepal) | UNICEF, UNW, UNFPA, UNDP, WFP, DPs | Tools for needs assessment developed<br>Assessment report available with recommendations for types of interventions |
| 2.2 | Develop training modules for teaching and training (academic training, ToT, general training) for evaluators and commissioners. | Ongoing Dec.2017( draft) June 2018 (complete) | NPC, COE Nepal | Universities, Training Institutions (NASC), VOPEs | GoN owned Training module in place |
| 2.3 | Carry out ground works to establish Evaluation Training and Learning Centre (ETLC). | Ongoing June 2018 | NPC, VOPEs | NPC, Universities, Training Institutions NASC | Detail proposal prepared |
| 2.4 | Establish Evaluation Training and Learning Centre (ETLC). | Ongoing<br><br>December 2019 | NPC, VOPEs | NPC, Universities, Training Institutions (NASC) | ETLC established and operational |
| 2.5 | Provide basic and Impact evaluation trainings to 760[2] participants ( NPC:200, UN: 200 and VOPEs: 360)<br>-Basic evaluation training<br>-Impact evaluation training | 2017-20 | VOPEs, NPC, UN | Development partners, training institutions | Individual capacity on commissioning and conducting evaluation enhanced |

[2] This target will be reviewed and updated after the needs assessment survey results

| | Major Activities | Time Frame | Stakeholder | | Expected outputs |
|---|---|---|---|---|---|
| | | | Lead | Support | |
| 2.6 | Attend online courses on evaluation (Online courses linked with the NPC website) | 2017-20 | NPC | VOPEs, UNICEF, UNW, UNFPA, UNDP, WFP | At least 60 persons received certification in online evaluation courses |
| 2.7 | Ensure available training materials from VOPEs and all UN Agencies is shared to NPC repository as a reference materials | 2017-20 | NPC | VOPEs, UN Agencies, DPs | Training materials well documented in the NPC. |
| 2.8 | Make evaluation material available through repository centre/EvalSDGs knowledge portal | 2017-20 | NPC, UN Agencies | VOPEs, DPs | Training materials well-documented in the repository centre in the NPC.<br>Increased understanding on EvalSDG. |
| 2.9 | Learn from global EvalSDGs initiatives:<br>- Develop brief papers/IEC materials on EvalSDGs<br>- Translate global EvalSDGs briefing papers into Nepali. | 2017-20 Ongoing | NPC, VOPEs | DPs, UN Agencies | Efforts to institutionalize evaluation aligned with global EvalSDGs initiatives |

## 3. Networking and Coordination

| | Major Activities | Time | Stakeholder | | Expected Outputs |
|---|---|---|---|---|---|
| | | | Lead | Support | |
| 3.1 | Organize Annual Evaluation Networking Meeting. | 2017 ongoing | NPC | UN agencies and VOPEs | National evaluation capacities enhanced through increased collaboration and sharing. |
| 3.2 | Establish networking and learning mechanism (including EvalSDGs) at the national and sub-national levels. | December 2018 ongoing | VOPEs | UN agencies, Universities, World Bank, and potential | Increased understanding about the use of evaluation at all levels |

| | Major Activities | Time | Stakeholder | | Expected Outputs |
|---|---|---|---|---|---|
| | | | Lead | Support | |
| | | | | institutes | |
| 3.3 | Organize quarterly networking meetings of VOPEs (12 meetings). | June 2017 ongoing | VOPEs | NPC, UN agencies, NPFDEPN | Networking and collaboration among VOPEs and evaluators increased. |

## 4. Planned Evaluation and SDG Monitoring

| | Major Activities | Time | Lead | Support | Expected Outputs |
|---|---|---|---|---|---|
| 4.1 | Institutionalize internal evaluation system in the NPC and all the line ministries<br>- Internal evaluation<br>- External evaluation | 2017-20 | NPC, Line Ministries | UN Agencies, DPs, VOPEs | 20 Internal evaluation conducted.<br>12 External evaluation conducted. |
| 4.2 | Two Meta Evaluations (theme-wise and from gender and equity lenses). | 2017-20 | NPC, Line Ministries | UN Agencies, DPs, VOPEs | Two meta evaluations conducted. |
| 4.3 | Collection of equity focused and gender-responsive disaggregated data as per the need of SDG and other indicators through annual HH Survey; NLSS, 2018; NPHC, 2021; MICS 2018/19 and NDHS, 2017 | 2017-20 | NPC, CBS | UNICEF, UNW, UNDP, UNFPA, DPs | Gender and equity-based disaggregated data collected and analyzed for SDGs. |
| 4.4 | Preparation of SDGs baseline report. | August 2017 | NPC | UNICEF, UNW, UNDP, UNFPA, DPs | SDGs baseline report produced. |
| 4.5 | Collection and analysis of GBV data. | 2017-20 | NPC, CBS MoWCSW, UNW, UNFPA | DPs, VOPEs | GBV-related data regularly collected/updated. |
| 4.6 | Conduct Annual Nepal Social Inclusion Survey. | 2017-20 | NPC, TU, DPs | UN Agencies | Nepal Social Inclusion Survey Report published. |

| | Major Activities | Time | Lead | Support | Expected Outputs |
|---|---|---|---|---|---|
| 4.7 | Develop tools and technology on 1) equity-focused, and 2) gender responsive evaluation.<br>Pilot and tailor it to national context in meta evaluation. | 2017-20 | VOPEs | NPC, UNICEF, UNW, Other Agencies, DPs | Equity-focused and gender-responsive tools and technology developed and operationalised. |

## 5. Documentation, Dissemination and Use of Evaluation

| | Major Activities | Time Frame | Stakeholders | | Expected Outputs |
|---|---|---|---|---|---|
| | | | Lead | Support | |
| 5.1 | Disseminate evaluation findings | 2017-20<br><br>Ongoing | NPC, UN Agencies | DPs, VOPEs | Evaluation findings well-dissemination and used |
| 5.2 | Tracking of Management Response Plans (MRP) for implementation of evaluation recommendations. | June 2018<br><br>Ongoing | NPC | Line ministries, DPs, VOPEs | Uptake of evaluation evidences increased |
| 5.3 | Use evaluation findings in policy formulation and resource allocation decisions. | 2017-20<br><br>Ongoing | NPC, MoF, LMs, Provincial and Local govts | UN Agencies, VOPEs, DPs | Use of evaluation evidences in policy and decision making increased |
| 5.4 | Use disaggregated data in NDAC and MDAC-level discussions. | 2017-20<br><br>Ongoing | NPC, LMs, Provincial and Local govts | CBS, Programmes, Projects | Use of results-based disaggregated data improved in policy discussions and decisions. |
| 5.5 | Organization of talk programmes on Evaluation through workshops and Conferences | 2017-20 | NPC | Line ministries, DPs, VOPEs | M&E knowledge sharing and dissemination among GON, DPs, UN and VOPEs strengthened |